हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# झनझने, सिन्धुली

बागमती प्रदेश

प.स.– २०८०।०८१

सू.नं.-१८

**आन्तरिक कर ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा विक्रि सम्वन्धी कार्यहरुको सिलवन्दी बोलपत्र आह्वानको सूचना**
**(दोश्रो पटक सूचना प्रकाशित मिति २०८०।०८।१५)**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) को खण्ड घ को (६) मा भएको व्यवस्था र गाउँपालिकाको स्वीकृत आ.ई.ई. प्रतिवेदन वमोजिम आ.व.२०८०/०८१ को लागि आन्तरिक कर संकलन गर्न देहायका उल्लेखित स्थानहरुवाट ढुङ्गा, गिटी, वालुवा, चिप्स आदि उत्खनन् संकलन र जिल्ला भित्र तथा वाहिर निकासी गर्न कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा स्वीकृत खोला तथा नदीहरुवाट स्वीकृत परिमाण भन्दा वढी उत्खनन् नहुने गरी ठेक्का लिन ईच्छुक ईजाजत प्राप्त फर्म/संस्थाले छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै बोलपत्र पेश गर्न तपसिल वमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

**शर्तहरु:**

१. यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र फर्म/संस्थाले चालु आ.व.२०८०/०८१ सम्मको नविकरण भएको ईजाजत पत्रको प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र सिटिजन्स वैंक ईन्टरनेशनल लि., झनझने, सिन्धुलीमा रहेको आन्तरिक राजश्व खाता नं ०७३०१०००००००१२०२ मा ठेक्का फर्म वापत तोकिएको रकमको सक्कलै वैंक भौचर (फिर्ता नहुने गरी) वा कार्यालयवाट नगद वुझिलिएको नगदी रसिद सहित कार्यालय समय भित्र छुट्टा छुट्टै फर्मको निवेदनवाट सिलवन्दी बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. बोलपत्र फारम खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाँप लागेको बोलपत्र फारम सूचना प्रकाशन भएको मितिले २१औ दिन (मिति २०८० पौष ०५ गतें) सम्ममा कार्यालय समयभित्र खरिद गरि २२औ दिन(मिति २०८० पौष ०६ गतें)को १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्नेछ । उक्त बोलपत्र फारम २२औ दिनको २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजहरुको अनुपस्थित भएमा पनि बोलपत्र खोल्न वाँधा पर्ने छैन ।

३. बोलपत्र फारम खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४.ठेक्का लिन ईच्छुक फर्म/संस्थाले कबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नुपर्नेछ । धरौटी वापतको रकम सिटिजन्स वैंक ईन्टरनेशनल लि., झनझने, सिन्धुलीमा रहेको धरौटी खाता नं ०७३०१००००००२३२०१ मा जम्मा गरेको सक्कलै वैंक भौचर संलग्न गर्नुपर्नेछ ।

५. कबोल रकम उल्लेख गर्दा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको ठाउँमा सिलवन्दी वोलपत्रदाताको स्पष्टसँग सहिछाँप भएको हुनुपर्नेछ ।

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

६. ढुङ्गा, गिटी, वालुवा, चिप्स आदि उत्खनन्  तथा संकलन गर्न र तोकिएको स्थानमा घाटगद्धी तथा नापजाँच गरी लैजाने व्यवस्था कार्यालयको निर्देशन वमोजिम हुनेछ ।

७. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोडन पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजवाट असुल उपर हुन वाँकी रकममा नियमानुसारको व्याज जोडी असुल उपर गरिनेछ ।

८. कुनै शर्त राखि पेश गरिएको सिलवन्दी बोलपत्र फारम स्विकार गर्ने वा नगर्ने एवं सूचना रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

९. सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको वोलपत्र फारम उपर कुनै कारवाही गरिने छैन ।

यस सूचनामा उल्लेखित शर्तहरु यस ठेक्का प्रयोजनका लागि अभिन्न अंगकोरुपमा मानिनेछ ।

१०. थप जानकारीको लागि कार्यालयमा सर्म्पक राख्न सक्नुहुनेछ ।

११.उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. माथि उल्लेखित वाहेक अन्य विषयहरु गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**ठेक्काको विवरण**

| ठेक्का नं | ठेक्काको क्षेत्र | संकलन र विकी्र गर्न पाउने अधिकतम परिमाण (वार्षिक) घ.मि. | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट र कर वाहेक) | ठेक्का फारम शुल्क |
|---|---|---|---|---|
| ७/०८०/०८१ | हरिहरपुरगढी गाउँपालिकाको मरिण खोला र वागमती खोला बगर दोभान क्षेत्र खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | ८२९६.०० | २६,३४,१४६।०० | रु.३०००।- |
| ८/०८०/०८१ | हरिहरपुरगढी गा.पा.-६ क्यान खोला र बागमती खोला दोभान, हरिहरपुरगढी गा.पा.-७ पन्थचौडी, हरिहरपुरगढी गा.पा. वडा नं. ८ पान्तले, हरिहरपुरगढी गा.पा वडा नं. ६ ढप्सार र हरिहरपुरगढी गा.पा. वडा नं. ६ राँगेदोभान | ४८२७.४० | १५,३२,७९७।०० | रु.१०००।- |

हरिहरपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्नभन्ने, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत